# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८०/०८१

चलानी नं. :-

सूचना नं. : ३९

मिति :-

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

## सेवा करारमा स्वास्थ्यकर्मी लिने सम्वन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०८०।११।२२**

विहादी गाँउपालिकाको लागि देहाय बमोजिमका पदहरुमा प्राविधिक कर्मचारीहरु आवश्यक परेको हुँदा खुला प्रतिस्पर्धा मार्फत सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त फराम भरि राजश्व तिरेको रसिद वा बैंक भौचर सहित यस गाउँ कार्यपालिकाको कार्यालयमा उपस्थित भई वा कार्यालयको ईमेल ठेगाना bihadi.ruralmun@gmail.com मार्फत तपसिल बमोजिमका कागजातहरु सहित दरखास्त दिनको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद / तह | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | छनौट विधि | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ०४।०८०।०८१ | अ.न.मी. / सहायक चौथो | २ | कम्तिमा अ.न.मी. कोर्स उत्तीर्ण गरि सम्बन्धीत काउन्सिलबाट प्रमाणपत्र प्राप्त | विहादी गाउँपालिकामा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम गठित छनौट समितिले विहादी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० बमोजिम | ५००/- |
| २ | ०५।०८०।०८१ | अ.हे.व./ सहायक चौथो | ४ | कम्तिमा अ.हे.व. कोर्ष उत्तीर्ण गरि सम्बन्धित काउन्सिलबाट प्रमाणपत्र प्राप्त | | |

**१. योग्यता :**

क. उमेर हद : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
ख. प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनु पर्नेछ ।

**२. दरखास्त दिने विधि**: योग्यता पुगेका ईच्छुक उमेदवारहरूले यस गाउँ कार्यपालिकाको कार्यालयमा दरखास्त फारम सहित कागजात पेश गर्नु पर्नेछ । दरखास्त फाराम यस गाउँपालिकाको वेवसाईटबाट प्राप्त गर्न सकिने छ । दरखास्त दस्तुर यस गाउँपालिकाको प्रभु बैंक विहादी शाखा को राजश्व खाता नं. १४६०११४९८४६०००४१ मा दाखिला गरेको बैंक भौचर वा कार्यालयमा नगदै दाखिला गरेको नगदी रसिद समेत दरखास्त फाराम साथ संलग्न गरि पेश गर्नु पर्नेछ ।

**३. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु**: दरखास्त फाराम भरि फाराममा तोकिएको स्थानमा पासपोर्ट साईजको फोटो ३ प्रति टाँसि उम्मेदवारको व्यक्तिगत विवरण एस.एल.सी. देखि आवश्यक न्युनतम शैक्षिक योग्यता सम्मका सबै प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,अनुभवको प्रमाणित प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

४. छोटो सूची प्रकाशन र अन्तर्वार्ताको मिति अर्को सूचनाद्वारा गाउँपालिकाको वेवसाईट, फेसबुक पेज र सूचना पाटीमा प्रकाशन गरिनेछ।

५. थप जानकारीको लागि कार्यालयको मोवाईल नं. ९८५७६५०८७१ र स्वास्थ्य शाखाको मोवाईल नं. ९८६७१०३६९४ मा सम्पर्क गर्न सकिनेछ।

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत